Sexual Assault Support Service

# समावेशीकरण प्रतिको प्रतिबद्धता विवरण

## समावेशीकरणप्रति हाम्रो प्रतिबद्धता

SASS मा, हामी हाम्रो समुदायलाई आकार दिने संस्कृति, पहिचान र अनुभवहरूको सम्मान गर्दै सबै मानिसहरूका लागि सुरक्षित, सम्मानजनक र समावेशी वातावरण सिर्जना गर्न प्रतिबद्ध छौं।

## SASS मा समावेशीकरणको अर्थ भनेको

हामीले मानिसहरूलाई निम्न कुराहरू महसुस गराउनु हो:

- ✓ सुरक्षित र स्वागतयोग्य
- ✓ उनीहरुको कुरा सुनिएको र विश्वास गरिएको
- ✓ उनीहरूको पहिचान अनुसार सम्मान
- ✓ पूर्वाग्रहबाट मुक्त
- ✓ उनीहरुलाई सही लाग्ने तरिकाले सहायता

हामी लुट्रुविटा (lutruwita) का धेरै मानिसहरू र समुदायहरूका लागि स्वागतयोग्य र सम्मानजनक सेवाहरू तय गर्ने काम गर्छौं र सम्मानजनक, समावेशी सहायता उपलब्ध गराउन प्रतिबद्ध छौँ। हामी सबै संस्कृति, पहिचान, लैङ्गिकता, यौनिकता, उमेर, क्षमता, पृष्ठभूमि र जीवनका अनुभव भएका मानिसहरूलाई स्वागत गर्दछौँ।

हामी प्रत्येक व्यक्तिको दया, मर्यादा र सम्मानको अधिकारलाई कायम राख्ने सहायता प्रदान गर्न प्रतिबद्ध छौँ। हामी तपाईंको संवेदनशील जानकारी, गोपनीयता र रोजाइको सम्मान गर्ने आघात-सूचित, पूर्वाग्रहरहित सहायता प्रदान गर्दछौँ।

हामी यौन तथा पारिवारिक हिंसाको गहिरो प्रभावलाई बुझ्छौं। हामी एबोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरू र समुदायहरूमा उपनिवेशीकरणको निरन्तर प्रभावहरूलाई पनि स्वीकार गर्छौं।

हामी तास्मानियाली एबोरिजिनलहरूलाई लुट्रुविटाका परम्परागत संरक्षकको रूपमा सम्मान गर्छौं र विगत र वर्तमानका अग्रजहरूप्रति गहिरो सम्मान व्यक्त गर्छौं। उनीहरूको ज्ञान, शक्ति र सामना गर्ने तरिकाले सत्यता, सिकाइ र अर्थपूर्ण परिवर्तनलाई मार्गदर्शन गरिरहन्छ।

मानिसहरूले फरक फरक तरिकाले यौन हिंसा भोगेका हुन्छन्। संस्कृति, पहिचान, उमेर, अपाङ्गता, लैङ्गिकता, यौनिकता, परिवार, समुदाय र जीवनका अनुभवहरूले कुन सहायता सुरक्षित र सहयोगी हुन्छ भनेर आकार दिन मद्दत गर्छ।

हामी प्रत्यक्ष अनुभव भएका व्यक्तिहरूबाट सिक्छौं र हाम्रा सेवाहरू सुधार गर्न मद्दत गर्ने उनीहरूको आवाजको कदर गर्छौं।

हामी SASS सँग जोडिने सबैले सुरक्षित, सम्मानित र सहायता प्राप्त गरेको महसुस गरून् भन्ने चाहन्छौं। सबैजना सुरक्षित, समावेशी र सम्मानजनक महसुस हुने सहायता पाउने हक राख्छन्।

## SASS मा तपाईंले निम्न कुराहरूको अपेक्षा गर्न सक्नुहुन्छ:

✓ दयालु र सम्मानजनक व्यवहार

✓ आघात-सूचित र पूर्वाग्रहरहित सहायता
✓ गोपनीयता र संवेदनशीलता
✓ सम्भव भएसम्म तपाईंको सहायतामा रोजाइ
✓ तपाईंको संस्कृति, पहिचान, आस्था र अनुभवहरूको सम्मान गर्ने सहायता